# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, प्रदेश नं. ५, नेपाल

# करारमा सेवा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०७६/०८/०२**

तिलोत्तमा नगरपालिकाको लागि देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २.०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.tilottamamun.gov.np बाट उपलब्ध हुनेछ ।

| वि.नं. | पद नाम | संख्या |
|---|---|---|
| ०१/०७६/०७७ | असिस्टेन्ट सव इन्जिनियर | ७ जना |
| ०२/०७६/०७७ | सहायक कम्प्यूटर अपरेटर | ७ जना |
| ०३/०७६/०७७ | नायव प्राविधिक सहायक (पशु) | ३ जना |
| ०४/०७६/०७७ | नायव प्राविधिक सहायक (कृषि) | २ जना |

**<u>२ योग्यता</u>**

१) नेपाली नागरिक हुनुपर्ने ।

२) न्यूनतम शैक्षिक योग्यता :-

- **सहायक कम्प्यूटर अपरेटर :** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह र मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर तालिम लिएको वा कम्प्युटर इन्जिनियरिङ्ग विषय लिई कम्तिमा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।
- **अ.सव.इन्जिनियर :** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह र मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तिमा १८ महिनाको कोर्ष उत्तीर्ण गरेको वा सिभिल इन्जिनियरिङ्ग विषय लिई कम्तिमा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।
- **कृषि ना.प्रा.स. :** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई.वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त शैक्षिक संस्थाबाट जे.टि.ए. विषयमा कम्तिमा १८ महिनाको कोर्ष उत्तीर्ण गरेको वा कृषि विज्ञान विषय लिई कम्तिमा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।
- **पशु ना.प्रा.स. :** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई.वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त शैक्षिक संस्थाबाट भेटेरिनरी जे.टि.ए. विषयमा कम्तिमा १८ महिनाको कोर्ष उत्तीर्ण गरेको वा पशु विज्ञान विषय लिई कम्तिमा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।

३) उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

४) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको ।

५) **दरखास्त दस्तुर :** सबै पदको लागि रु.५००/- मात्र (कार्यालयको बैंक खातामा जम्मा गरी रसिद पेस गर्नुपर्नेछ ।

६) **दरखास्त बुझाउने स्थान :** तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रुपन्देही ।

७) **दरखास्त दिने अन्तिम मिति :** २०७६/०८/१६ गते कार्यालय समय सम्म ।

८) **लिखित परीक्षा :** कार्यालयको वेवसाइटमा पछि प्रकाशन गरिनेछ।

९) **खाता नं. :** A 5CA499599524001 NIC ASIA बैंक, मणिग्राम शाखा, रुपन्देही ।

**१०) आवश्यक कागजात :**

१) व्यक्तिगत विवरण २) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ३) दरखास्त दस्तुर बुझाएको बैंक भौचर ४) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ५) हासिल गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ६) उल्लेखित प्रमाणपत्रका प्रतिलिपिहरु स्वयम् प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**११) करार अवधि :** २०७७ असार मसान्त सम्म ।

**१२) छनौट प्रक्रिया :** अ.स.ई र स.क.अ. को लागि लिखित, प्रयोगात्मक र अन्तर्वार्ता, ना.प्रा.स. (कृषि, पशु) को लागि लिखित र अन्तर्वार्ता ।

**१३) सेवा सुविधा :** कार्यालयको नियमानुसार उपलब्ध गराइनेछ ।

**द्रष्टव्य :** पाठ्यक्रम, दरखास्त फाराम, प्रवेशपत्र डाउनलोडका लागि र अन्य जानकारीका लागि कार्यालयको वेवसाइट www.tilottamamun.gov.np मा हेर्नुहुन तथा कार्यालयको फोन नं. ०७१-५६२६५२ मा सम्पर्क गर्नुहोला ।